भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal
सत्यमेव जयते

# समाचार पत्र–जनवरी २०२४

## नेपालमा भारतका झलकहरु

नेपाल-भारत सहयोग
NEPAL-INDIA COOPERATION

### भारतका माननीय विदेशमन्त्री डा. एस जयशंकरको औपचारिक नेपाल भ्रमण (मिति २०८० पौष १९–२०)



नेपालका माननीय परराष्ट्रमन्त्री श्री एनपी साउदको निमन्त्रणामा भारतका माननीय विदेशमन्त्री डा.एस जयशंकरले मिति २०८० पौष १९–२० गतेसम्म नेपालको औपचारिक भ्रमण गर्नुभयो । दुवै मन्त्रीको सहअध्यक्षतामा भारत–नेपाल संयुक्त आयोगको सातौं बैठक सम्पन्न भयो । विदेशमन्त्रीले नेपालका सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेल र सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' सँग शिष्टाचार भेटवार्ता गर्नुभयो । भारतीय विदेशमन्त्रीले त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयको नयाँ भवनसहित शिक्षा, स्वास्थ्य र सांस्कृतिक क्षेत्रका ५९ वटा भूकम्पपश्चातका पुनर्निर्माण परियोजनाहरुको उद्घाटन गर्नुभयो ।

थप जानकारी...

January 2024 © Embassy of India, Kathmandu.

# भारतीय राजदूतावासमा गणतन्त्र दिवस उत्सव








काठमाडौंस्थित भारतीय राजदूतावासमा मिति २०८० माघ १२ गते भारतको ७५ औं गणतन्त्र दिवस मनाइयो । नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले भारतको राष्ट्रिय झण्डा झण्डोत्तोलन गरेसँगै गणतन्त्र दिवसको अवसरमा आयोजित कार्यक्रमको शुभारम्भ भयो । सो अवसरमा वहाँले नेपालमा रहेका भारतीय डायस्पोराका सदस्यहरुलाई पनि शुभकामना व्यक्त गर्नुभयो । तत्पश्चात कार्यक्रममा भारतका माननीय राष्ट्रपति श्रीमती द्रौपदी मुर्मूले राष्ट्रका नाममा गर्नुभएको सम्बोधन भिडियोमार्फत प्रस्तुत गरियो । कार्यक्रमका दौरान राजदूत श्रीवास्तवले वीर नारी र मृतक सैनिकका निकटतम नातेदारलाई नेरु. ५.०४ करोड नगद तथा कम्बल वितरण गरी सम्मान गर्नुभयो । कार्यक्रममा दूतावासको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र र केन्द्रीय विद्यालय काठमाडौंका विद्यार्थीहरुले सांस्कृतिक प्रस्तुति प्रस्तुत गरेका थिए ।

थप जानकारी...

# वीरगंजस्थित भारतको महावाणिज्य दूतावास र धरानस्थित पेन्सन भुक्तानी कार्यालयमा गणतन्त्र दिवस उत्सव













वीरगंजस्थित भारतको महावाणिज्य दूतावास र धरानस्थित पेन्सन भुक्तानी कार्यालयमा मिति २०८० माघ १२ गते भारतको ७५ औं गणतन्त्र दिवस मनाइयो । वीरगंजस्थित भारतको महावाणिज्य दूतावासमा आयोजित कार्यक्रममा वीरगंज र जनकपुरधामका आठवटा विद्यालय तथा कलेजका विद्यार्थीले सांस्कृतिक प्रस्तुति प्रस्तुत गरेका थिए । धरानस्थित पेन्सन भुक्तानी कार्यालयले वीर नारी, भूतपूर्व सैनिक तथा उनीहरुका निकटतम नातेदार र स्थानीय भारतीय समुदायसँग मिलेर भारतको ७५ औं गणतन्त्र दिवस मनायो । पेन्सन भुक्तानी कार्यालयले Mobility Aid Distribution Camp को पनि आयोजना गरी दिव्यांगजन भूतपूर्व सैनिकलाई ६ वटा सहायाता सामाग्री उपहारस्वरुप प्रदान गरेको थियो ।

# लमजुङ्ग जिल्लास्थित श्री लमजुङ्ग माध्यमिक विद्यालयको विद्यालय तथा छात्रावास भवनको उद्घाटन







'नेपाल–भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको नेरु. २.१६ करोड आर्थिक सहयोगमा लमजुङ्ग जिल्लाको बेसीशहर नगरपालिकास्थित श्री लमजुङ्ग माध्यमिक विद्यालयको लागि निर्माण गरिएको विद्यालय तथा छात्रावास भवनको मिति २०८० पौष २७ गते नेपाल सरकारका माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्ग, जिल्ला समन्वय समिति, लमजुङ्गका प्रमुख श्री पूर्ण बहादुर गुरुङ्ग र भारतीय राजदूतावास, काठमाडौंका द्वितीय सचिव श्री प्रशान्त कुमार सोनाले औपचारिक रुपमा उद्घाटन गर्नुभयो ।

# धादिङको गल्छी गाउँपालिकास्थित महेशफाँट सिंचाइ परियोजनाको उद्घाटन







भारत–नेपाल विकास सहकार्य अन्तर्गत भारत सरकारको नेरु. ८८.२ लाख आर्थिक सहयोगमा धादिङ जिल्लाको गल्छी गाउँपालिकामा निर्माण गरिएको महेशफाँट सिंचाइ परियोजनाको मिति २०८० माघ १५ गते गल्छी गाउँपालिकाका अध्यक्ष श्री केदारनाथ खतिवडा र भारतीय राजदूतावास, काठमाडौंका द्वितीय सचिव श्री प्रशान्त सोनाले उद्घाटन गर्नुभयो ।

थप जानकारी...

# आईआईटी रुड्की एलुमनाई कार्यक्रम





नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले मिति २०८० माघ १३ गते आईआईटी रुड्की एलुमनाई कार्यक्रममा सहभागीता जनाउनुभयो । कार्यक्रममा आईआईटी रुड्की १७५ औं वर्ष पुगेको उपलक्ष्यमा Association of Nepal (IITRAAN) ले स्मृतिउपहार ल्याउनुका साथै IITRAAN को रजत जयन्तीको शुभारम्भ गरियो । उक्त अवसरमा दूतावासको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रका विद्यार्थीले सांस्कृतिक प्रस्तुति प्रस्तुत गरेका थिए ।

# व्यापार, पारवहन र सहकार्य सम्बन्धी भारत–नेपाल अन्तर–सरकारी उपसमिति (आइजीएससी) को बैठक




अनधिकृत व्यापार नियन्त्रण हेतु व्यापार, पारवहन र सहकार्य सम्बन्धी भारत–नेपाल अन्तर–सरकारी उपसमिति (आइजीएससी) को पछिल्लो बैठक मिति २०८० पौष २७ देखि २८ गतेसम्म काठमाडौँमा सम्पन्न भयो । काठमाडौँस्थित भारतीय राजदूतावास तथा विभिन्न मन्त्रालयका वरिष्ठ अधिकारी सम्मिलित भारतीय टोलीको नेतृत्व भारत सरकार वाणिज्य मन्त्रालयका सहसचिव श्री विपुल बंशलले गर्नुभयो भने विभिन्न नेपाली मन्त्रालय र विभागका प्रमुख प्रतिनिधि सम्मिलित नेपाली टोलीको नेतृत्व उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव श्री रामचन्द्र तिवारीले गर्नुभयो । व्यापार र लगानीलाई सुदृढ बनाउने कुरामा बैठक लक्षित थियो ।

थप जानकारी...

# ऊर्जा क्षेत्रमा सहकार्य सम्बन्धी संयुक्त संचालक समितिको ११ औं बैठक



भारत सरकार ऊर्जा मन्त्रालयका सचिव श्री पंकज अग्रवाल र नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव (ऊर्जा) गोपाल प्रसाद सिग्देलको सहअध्यक्षतामा ऊर्जा क्षेत्रमा सहकार्य सम्बन्धी संयुक्त संचालक समितिको ११ औं बैठक मिति २०८० पौष २० गते चितवनमा सम्पन्न भयो । सो बैठक मिति २०८० पौष १९ गते भारत र नेपालबीच दीर्घकालीन ऊर्जा व्यापार सम्बन्धी सम्झौतामा हस्ताक्षर भएपछि बसेको हो । यसअघि मिति २०८० पौष १८ गते भारत सरकार ऊर्जा मन्त्रालयका सहसचिव डा. डी साई बाबा र नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सहसचिव श्री नवीन राज सिंहको सहअध्यक्षतामा ऊर्जा क्षेत्रमा सहकार्य सम्बन्धी ११ औं संयुक्त कार्यदलको बैठक काठमाडौंमा सम्पन्न भएको थियो ।

थप जानकारी...

January 2024 © Embassy of India, Kathmandu.

# विश्व हिन्दी दिवस उत्सव











भारतीय राजदूतावास, काठमाडौंले त्रिभुवन विश्वविद्यालयस्थित केन्द्रीय हिन्दी विभागसँगको सहकार्यमा मिति २०८० पौष २५ गते दूतावासमा एक कार्यक्रमको आयोजना गरी विश्व हिन्दी दिवस मनायो । उक्त कार्यक्रममा नेपाल सरकार भाषा आयोगका माननीय अध्यक्ष डा. गोपाल ठाकुर प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा भारतीय राजदूतावासका नियोग उप–प्रमुख श्री प्रसन्न श्रीवास्तवले भारतका माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीको सन्देश पढेर सुनाउनुभयो । विश्वव्यापी भाषा कवितामार्फत सो उत्सव मनाउने क्रममा ‘नेपाल–भारत कवि सम्मेलन’को आयोजना गरिएको थियो जसको अध्यक्षता भारतका प्रख्यात कवि श्री दीक्षित दनकौरीले गर्नुभएको थियो । आफ्ना मार्मिक गजल मार्फत वहाँले कार्यक्रममा उपस्थित श्रोताहरुलाई मन्त्रमुग्ध पार्नुभएको थियो । शान्ति, सद्भाव र मित्रताको सन्देश दिदै आफ्ना काव्यात्मक विचार, भावना र अनुभवलाई प्रभावशाली शब्दको माध्यमबाट अभिव्यक्त गर्न यस कार्यक्रमले भारतीय र नेपाली कविहरुलाई मञ्च प्रदान गरेको थियो ।

January 2024 © Embassy of India, Kathmandu.

# 'परीक्षा पे चर्चा–२०२४' को लाइभ स्क्रिनिङ



भारतीय राजदूतावास, काठमाडौंले मिति २०८० माघ १५ गते प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँग 'परीक्षा पे चर्चा–२०२४' को ७ औं संस्करणको लाइभ स्क्रिनिङ आयोजना गर्यो जसमा काठमाडौंस्थित केन्द्रीय विद्यालय र मोर्डन इन्डियन स्कुलका विद्यार्थीले उत्साहपूर्वक सहभागीता जनाएका थिए । उक्त कार्यक्रममा प्रधानाध्यापक एवम् शिक्षक शिक्षिकाका साथै विद्यार्थीका अभिभावकको पनि उपस्थिति थियो । परीक्षाका बेला हुने तनावलाई व्यवस्थापन गर्न माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीले दिनुभएको प्रेरणादायी ज्ञान तथा मार्गदर्शनबाट सहभागीहरु लाभान्वित भएका थिए ।

# भारतीय राजदूतावास, काठमाडौंद्वारा स्वच्छता पखवाडा अभियानको आयोजना




मिति २०८० माघ १७ गते स्वच्छता पखवाडा अभियानकै एक हिस्साको रुपमा काठमाडौंस्थित भारतीय राजदूतावासमा श्रमदान तथा प्लगिङ रन (स्वच्छता वक) को आयोजना गरियो । राजदूत श्री नवीन श्रीवास्तवसँगै दूतावासका अधिकारीले सो कार्यक्रममा सहभागीता जनाएका थिए । वृक्षारोपण अभियान, श्रमदान तथा स्वच्छता वकमा दूतावासका अधिकारी तथा कर्मचारी सदस्यले उत्साहपूर्वक सहभागीता जनाएका थिए ।

भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

# एभीएसएम, वाईएसएम, एसएम, भीएसएम, जीओसी–इन–सी साउथर्न कमान्ड तथा गोर्खा ब्रिगेड प्रेसिडेन्ट लेफ्टिनेन्ट जनरल एके सिंहको नेपाल भ्रमण







एभीएसएम, वाईएसएम, एसएम, भीएसएम, जीओसी–इन–सी साउथर्न कमान्ड तथा गोर्खा ब्रिगेड प्रेसिडेन्ट लेफ्टिनेन्ट जनरल एके सिंह नेपालको औपचारिक भ्रमणका लागि मिति २०८० माघ २ गते काठमाडौं आइपुग्नुभयो । मिति २०८० माघ ४ गते पोखरास्थित पेन्सन भुक्तानी कार्यालयमा आयोजित एक औपचारिक कार्यक्रमबीच लेफ्टिनेन्ट जनरल एके सिंहले शहीद स्मारकमा माल्यार्पण गरी श्रद्धान्जली अर्पण गर्नुभयो ।  लेफ्टिनेन्ट जनरलले नेपालमा बसोबास गरिरहेका भूतपूर्व गोर्खा सैनिक सम्मिलित र्‍यालीलाई सम्बोधन गर्नुभयो । वहाँले बागलुङस्थित टाइप 'ई' भूतपूर्व सैनिक अंशदायी स्वास्थ्य योजना (ईसीएचएस) पोलिक्लिनिकको भर्चुअली उद्घाटन गर्नुभयो । वहाँले नेपाली सेनाको मुख्यालय जङ्गी अड्डामा मिति २०८० माघ ५ गते नेपाली सेनाका प्रधानसेनापति महारथी श्री प्रभुराम शर्मासँग शिष्टाचार भेटवार्ता गर्नुभयो । लेफ्टिनेन्ट जनरल सिंहले मिति २०८० माघ ८ गते वहाँको सफल एवम् फलदायी नेपाल भ्रमण टुङ्ग्याउनुभयो ।

January 2024 © Embassy of India, Kathmandu.

# छैठौं नेपाल इन्टरनेशनल एग्रिटेक एक्स्पोमा सहभागीता










मिति २०८० माघ १२– १४ गतेसम्म काठमाडौंमा आयोजित छैठौं नेपाल इन्टरनेशनल एग्रिटेक एक्स्पोमा एसोसिएटेड चेम्बर्स अफ कमर्स एण्ड इन्डस्ट्री अफ इन्डिया (एस्सोचेम) को नेतृत्वमा ४८ निर्यातकर्ता भारतीय व्यापार प्रतिनिधिमण्डलले सभागीता जनाए । माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री बेदुराम भुसालले प्रदर्शनीका निम्ति प्रयोग गरिएको भारतीय हलको उद्घाटन गर्नुभएको थियो । नेपाल इन्टरनेशनल एग्रिटेक एक्स्पो कृषि, फार्म मेसिनरी, डेरी, पोल्ट्री, पशुपन्छी, फार्म उपकरण तथा प्रविधि सम्बन्धी नेपालकै सबैभन्दा ठूलो प्रदर्शनी हो ।

# शान्ति र निशस्त्रीकरणका लागि संयुक्त राष्ट्रसंघ क्षेत्रीय केन्द्र (युएनआरसीपीडी) को क्षेत्रीय बैठकमा सहभागीता




साना हातहतियार र हलुका अष्त्रहरु (SALW) अन्तर्राष्ट्रिय ट्रेसिङ सम्यन्त्र (ITI) सम्बन्धी संयुक्त राष्ट्र कार्यक्रमको कार्ययोजना (UNPoA) बारे मिति २०८० माघ ९–११ सम्म काठमाडौंमा बसेको शान्ति र निशस्त्रीकरणका लागि संयुक्त राष्ट्रसंघ क्षेत्रीय केन्द्र (युएनआरसीपीडी) को क्षेत्रीय बैठकमा भारतका प्रतिनिधिहरुले सहभागीता जनाए । प्रतिनिधिमण्डलले न्यूयोर्कमा हुने UNPoA को चौथो समीक्षा सम्मेलनको लागि अगाडि बढ्ने बाटो तय गर्न एसिया र प्रशान्त क्षेत्रका देशहरुसँग छलफल गरेको थियो । भारतको चासो मुख्यतया साना हातहतियार र हलुका अष्त्रहरुको अवैध ओसारपसारले निम्त्याएको सीमापार आतङ्कवाद उपर थियो । प्रतिनिधिमण्डलले साना हातहतियार र हलुका अष्त्रहरुको नियमन हेतु भारतले चाल्दै आएको राष्ट्रिय उत्कृष्ट अभ्यास साझा गर्नुका साथै साझा क्षमता अभिवृद्धि तथा अन्तर्राष्ट्रिय ट्रेसिङ सम्यन्त्रको पालना लगायत क्षेत्रीय तथा वैश्विक सहकार्यलाई सुदृढ गर्नुपर्ने आवश्यकतालाई औल्याएको थियो ।

January 2024 © Embassy of India, Kathmandu.

# स्वामी विवेकानन्द जयन्ती उत्सव





स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले मिति २०८० पौष २७ गते आयोजना गरेको एक कार्यक्रममा भारतीय राजदूतावास, काठमाडौंले स्वामी विवेकानन्दलाई पुष्पगुच्छा अर्पण गर्दै स्वामी विवेकानन्द जयन्ती मनायो । उक्त कार्यक्रममा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रकी निर्देशक डा. आसावरी बापटले महान आध्यात्मिक नेताप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै पुस्तौ पुस्तालाई खासगरी युवा वर्गलाई निरन्तर रुपमा प्रेरित गर्दै आएका वहाँका योगदान, दूरदृष्टि, आदर्श, विचार एवम् उपदेश बारे प्रकाश पार्नुभयो ।

# ‘सारङ्गीको यात्रा’ नामक साङ्गीतिक कार्यक्रम




मासिक कला सम्वाद श्रृङ्खलाको एक हिस्सा अनुरुप भारतीय राजदूतावास, काठमाडौंस्थित स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले मिति २०८० माघ १७ गते काठमाडौंको न्युरोडस्थित नेपाल–भारत पुस्तकालयमा ‘सारङ्गीको यात्रा’ नामक साङ्गीतिक कार्यक्रमको आयोजना गर्यो । उक्त कार्यक्रममा प्रख्यात नेपाली लोक सारङ्गीवादक श्री खड्ग बहादुर गान्धारी र वहाँको साङ्गीतिक टोलीले आफ्नो प्रस्तुति प्रस्तुत गरेका थिए । नेपाली लोक सङ्गीतबारे प्रकाश पार्दै सारङ्गीवादकको रुपमा आफूले सङ्गालेको अनुभव श्री गान्धारीले सबैसँग साझा गर्नुभयो । कार्यक्रममा सङ्गीतकार, गायक/गायिका, सङ्गीतका विद्यार्थी लगायत विभिन्न क्षेत्रका व्यक्तिहरुको उत्साहजनक सहभागीता रहेको थियो ।

# सशस्त्र प्रहरी बल, नेपालका अधिकारीसँग अन्तरक्रियात्मक प्रतिक्रिया सत्र



काठमाडौंस्थित भारतीय राजदूतावासले गृह मन्त्रालय अन्तर्गतको आतङ्कवाद विरोधी इकाई राष्ट्रिय सुरक्षा गार्डबाट प्रशिक्षण प्राप्त सशस्त्र प्रहरी बलका अधिकारीको एक टोलीका लागि एक कार्यक्रमको आयोजना गर्यो । भारत सरकारको विदेश मन्त्रालयको प्रमुख क्षमता अभिवृद्धि मञ्चको रुपमा परिचित भारतीय प्राविधिक तथा आर्थिक सहकार्य (आइटेक) अन्तर्गत यो प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको थियो । उक्त अन्तरक्रियात्मक सत्र मिति २०८० माघ १० गते आयोजना गरिएको थियो जसमा सहभागीहरुले कार्यक्रमबारे आफूले बटुलेका अत्यन्तै महत्वपूर्ण एवम् व्यावहारिक धारणा साझा गरेका थिए ।

# नेपाली पुलिस अधिकारीसँग अभिमुखीकरण सत्र




भारतको गुजरातको गान्धीनगरस्थित राष्ट्रिय रक्षा विश्वविद्यालयबाट प्रशिक्षण पाएका नेपाली पुलिस अधिकारीका १०, ११ र १२ औं ब्याचका लागि भारतीय राजदूतावास, काठमाडौंले एक कार्यक्रमको आयोजना गर्यो । उक्त कार्यक्रम अन्तरक्रियात्मक अभिमुखीकरण तथा अनुभव साटासाट गर्न हेतु आयोजना गरिएको थियो । दुवै देशका सुरक्षा अधिकारीबीच सहकार्यलाई थप सुदृढ गर्न कार्यक्रममा विचार एवम् अन्तरदृष्टि आदानप्रदान भएको थियो । अन्तरक्रियात्मक सत्र मिति २०८० पौष २५ गते भारतीय दूतावासमा आयोजना गरिएको थियो ।

# धरानस्थित पेन्सन भुक्तानी कार्यालयमा रक्तदान तथा पाठेघरको मुख एवम् स्तन क्यान्सर जाँच शिविर






धरानस्थित पेन्सन भुक्तानी कार्यालयले मिति २०८० पौष २१ गते बृहत रक्तदान तथा पाठेघरको मुख एवम् स्तन क्यान्सर जाँच शिविरको आयोजना गर्यो । ३०४ पिन्ट रगत सङ्कलन गर्नुका साथै पाठेघरको मुख एवम् स्तन क्यान्सर जाँचबाट १९२ महिला लाभान्वित भएका थिए । पूर्वी नेपालका भूतपूर्व गोर्खा सैनिक र नागरिकले सो कार्यक्रममा उत्साहपूर्वक सहभागीता जनाएकाले कार्यक्रम निकै सफल रहेको थियो ।

**January 20234© Embassy of India, Kathmandu.**

# केही छुटाउनुभयो कि!

## ७५ औं गणतन्त्र दिवस परेड
## (मिति २०८० माघ १२)








७५ औं गणतन्त्र दिवस मनाउने क्रममा मिति २०८० माघ १२ गते भारतकी राष्ट्रपति श्रीमती द्रौपदी मुर्मूले कर्तव्य पथ, नयाँ दिल्लीमा राष्ट्रको नेतृत्व गर्नुभयो । भारतको समृद्ध सांस्कृतिक विविधता, एकता र प्रगति, सैन्य पराक्रम र बढ्दो नारी शक्ति झल्काउने उक्त परेडमा फ्रान्सका राष्ट्रपति इम्मानुएल म्याक्रों प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो । 'विकसित भारत' र 'भारत–लोकतन्त्र की मातृका' दुइवटा विषयवस्तुमा आधारित यस वर्षको परेडमा करिब १३ हजार अतिथिको सहभागीता रहेको थियो ।

थप जानकारी...

# केही छुटाउनुभयो कि!

## अयोध्यामा राम लल्लाको प्राण–प्रतिष्ठा



राम लल्लाको प्राण प्रतिष्ठा समारोह मिति २०८० माघ ८ गते अयोध्यामा सम्पन्न भयो । नवनिर्मित भव्य मन्दिरमा पूजा अनुष्ठानको नेतृत्व प्रधानमन्त्री श्री नरेन्द्र मोदीले गर्नुभएको थियो । प्रधानमन्त्रीले मन्दिरको गर्भ गृहमा स्थापित राम लल्लाको मूर्तिको अनावरण गर्नुभएको थियो ।

थप जानकारी...

# केही छुटाउनुभयो कि!

## भाइब्रेन्ट गुजरात समिट





भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीले मिति २०८० पौष २५ गते महात्मा मन्दिर, गान्धीनगरमा भाइब्रेन्ट गुजरात ग्लोबल समिटको १० औं संस्करणको उद्घाटन गर्नुभयो । यस वर्षको समिटको मुख्य विषयवस्तु ‘Gateway to the Future’ रहेको थियो र कार्यक्रममा ३४ साझेदार राष्ट्र र १६ साझेदार संस्थाको सहभागीता रहेको थियो ।

थप जानकारी...

# केही छुटाउनुभयो कि!

## अन्तर्राष्ट्रिय चङ्गा महोत्सव, गुजरात
## (मिति २०८० पौष २३–२९)



अन्तर्राष्ट्रिय चङ्गा महोत्सव गुजरातको सबैभन्दा ठूलो चाडहरु मध्ये एक हो जसमा राज्यका धेरैजसो शहरहरुका आकाश बिहानदेखि साँझसम्म चङ्गाले ढाकिएको देख्न सकिन्छ । चङ्गा महोत्सव जनवरीको दोस्रो हप्तातिर आयोजना गरिन्छ । यो उत्सवले हिन्दू पात्रो विशेष गरी जाडो याम क्रमश: गर्मी याममा बदलिदै जाने दिन अर्थात मकर सङ्क्रान्तिलाई इंगित गर्दछ । भारतको अन्तर्राष्ट्रिय चङ्गा महोत्सव नेशनल जियोग्राफिकको '10 Unmissable Events Worth Travelling for in 2024' मा सूचीकृत गरिएको छ ।

सत्यमेव जयते

भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

# यहाँ जानुभएको छ?

## मुम्बई ट्रान्स हार्बर लिङ्क वा अटल सेतु, मुम्बई



विश्वका लामा पुलहरुमा गनिने, करिब २१.८ किलोमिटर लामो, ६-लेन अटल सेतु भारतको सबैभन्दा लामो सामुद्रिक पुल हो । यो पुल एक इन्जिनियरिङ्ग चमत्कारको रुपमा रहेको छ । भारतका माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीले यस पुलको उद्घाटन मिति २०८० पौष २७ गते गर्नुभएको थियो ।

थप जानकारी...

January 2024 © Embassy of India, Kathmandu.